# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
३ नं. प्रदेश, नेपाल
२०७३

☎: ०५६-५५००१५


प.सं.

च.नं. २५३१

**विषय : विद्यार्थी भर्ना तथा पाठ्यपुस्तक वितरण सम्बन्धमा ।**

मिति २०७४।१२।२२

श्री राप्ती नगरपालिका अन्तर्गतका सवै सामुदायिक विद्यालयहरु
राप्ती नगरपालिका, चितवन ।

प्रस्तुत विषयमा नयां शैक्षिक सत्र २०७५ मा अनिवार्य आधारभूत शिक्षाका लागि विद्यालय भर्ना, विद्यालय स्वागत, विद्यार्थी टिकाउ र सिकाई उपलब्धी सुधार कार्यक्रम तथा पाठ्यपुस्तक वितरण सम्बन्धमा देहाय अनुसार गर्नु गराउनुहुन अनुरोध छ ।

- विद्यार्थी भर्ना कार्यक्रमको आदर्श वाक्य **"हामी सवैको ईच्छा, अनिवार्य निशुल्क आधारभूत शिक्षा"** रहेको छ ।
- विद्यार्थीहरुलाई पाठ्यपुस्तक व्यवस्थापन गर्नका लागि यस कार्यालयबाट दोस्रो चौमासिक अवधिमानै विद्यालयको खातामा रकम निकाशा गरि सकिएकोले नजिकका पाठ्यपुस्तक विक्रेताहरुसंग समन्वय गरी चैत्र मसान्त भित्रै खरिद गरी बैशाख २ गते देखिनै अभिभावक समेतको उपस्थितिमा विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गर्ने व्यवस्था मिलाउने ।
- विद्यार्थीलाई सेटमानै पाठ्यपुस्तक उपलब्ध गराउने रकम अपुग भएमा कुन कुन कक्षाका कति जनाका लागि रकम नपुगेको हो विवरण सहित थप रकम माग गर्ने ।
- शैक्षिक सत्र शुरु हुनुभन्दा अगाडि चैत्र मसान्त भित्र विव्यस र शिअसंघ र शिक्षकहरुले आफ्नो सेवा क्षेत्रभित्र घरदैलो गरी बैशाख २ गते देखिनै विद्यार्थीहरुलाई भर्ना गर्न, गराउन तथा नियमित उपस्थित हुन निमन्त्रणा गर्ने ।
- २०७५ का लागि वैशाख १४ गते सम्म पहिलो चरणमा भर्ना हुन आउने विद्यार्थीहरुलाई पूर्ण सेटमा पाठ्यपुस्तक र मुस्कान सहितको फूल, अविर तथा स्थानीय संस्कृति अनुसार स्वागत गर्दै वैशाख २ गते देखिनै विद्यालयको पठनपाठन कार्यलाई नियमित गर्ने ।
- विद्यालय भर्ना, विद्यालय स्वागत तथा विद्यार्थी टिकाउ कार्यक्रमलाई प्रभावकारी बनाउन प्रधानाध्यापक, शिक्षकहरु, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, जनप्रतिनिधि, स्थानीय समाजसेवी, वुद्दिजिवी, संघ, संस्थाहरु र विद्यार्थीहरुको वैठक, छलफल तथा निर्णयानुसार सवै सरोकारवालाहरुलाई १५ गते देखि ३० गते सम्म परिचालन गरी सेवा क्षेत्रभित्र घरदैलो गरेर पहिलो चरणमा भर्ना हुन नआएका वालवालिकाका अभिभावकहरुलाई सम्झाई वुझाई गरी विद्यालय भर्ना गर्ने व्यवस्था मिलाउने ।
- गत विगत वर्षमा भर्ना भई कक्षा छोडेका वालवालिकाहरुलाई समेत निजले छोडेको कक्षामा पुन भर्ना गर्ने व्यवस्था मिलाउने ।
- गत बिगत वर्षनै विद्यालय जाने उमेर पूरा भएका तर विद्यालय भर्ना नभएका वालवालिकाहरु समुदायमा रहेको भएमा ती वालवालिकालाई विद्यालय भर्ना गरी उमेर समेत खुल्ने विवरण यस कार्यालयमा पेश गर्ने ।
- विद्यालय उमेर समूहका सवै वालवालिका विद्यालयमा भर्ना भएको सुनिश्चित गरी जनप्रतिनिधिहरु लगायत सरोकारवालाहरुको उपस्थितिमा विद्यालय उमेर समूहका कोही पनि वालवालिका विद्यालय बाहिर नरहेको घोषणा एवम् निर्णय गरी यस कार्यालयमा पेश गर्ने ।
- विद्यालय भर्ना भएका वालवालिकाहरुलाई टिकाई राख्न गुणात्मक शिक्षाको व्यवस्थापनका लागि वाल विकास कक्षालाई थप व्यवस्थित एवम् सवै कक्षाकोठाहरु वालमैत्री वनाई विद्यालयमा वालमैत्री तथा लैङ्गिकमैत्री वातावरण तयार गर्ने ।
- कक्षागत, विषयगत, तहगत, विद्यालयगत सिकाई उपलब्धी विश्लेषण गरी शैक्षिक सत्र २०७५ को लक्ष्य एकिन गरेर सो लक्ष्य प्राप्तीका लागि सिकाई उपलब्धी सुधार योजना, शिक्षण सुधार योजना, वार्षिक शैक्षणिक योजना, विद्यालय सुधार कार्ययोजना निर्माण गरी सार्वजनिकरण र कार्यान्वयन गर्ने ।

०७४।१२।२२

मिठाराम हुमागाँई
प्रमुख प्रशासकीय अधिकृत